# कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

**कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण**

**मिति: २०७६/१२/२२**

१. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहुने व्यक्ती/संस्थाहरुको विवरण | रकम/जिन्सी | कैफियत |
|---|---|---|---|
| १ | अमलटारी मध्यवर्ती सामुदायिक होमस्टे र हमार दिगो गाँउ पर्यटन सहकारी संस्था लि कावासोती १५ | ६० प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ६०विपन्न परिवारको लागि |
| २ | सालिकराम कोइराला | ५१२५।- | पत्रकार |
| ३ | लामीचौर उपभोक्ता समिति कावासोती १२ | ५० प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ५० विपन्न परिवारको लागि |
| ४ | मौलाकालिका रि-कण्डिसन हाउस कावासोती ०३ | १२०००। | चेकमार्फत |
| ५ | नवलपुर एकेडेमी कावासोती १६ | ४१ प्याकेज | न.पा.ले तय गरेको राहत प्याकेज बमोजिम ४१ प्याकेज |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस कावासोती नगरपालिका बाट पहिलो चरणमा नगरपालिका बाट वडामा वितरणका लागि पठाइएको राहत यहि मिति २०७६/१२/२३ गते सम्म वितरण गरिसक्नु पर्ने र राहत वितरण विवरण वडा बाट नगरपालिकामा पठाउने भनि निर्णय पारित गरियो।

३. छिमेकी नेपाललाई कावासोती नगरपालिकाको वडा नं १ देखि १७ सम्म नगरपालिकाले तोकेको राहत प्याकेज मापदण्ड अनुसार प्रति वडा १० राहत प्याकेजका दरले कुल १७० प्याकेज सामाग्री वितरण गर्नका लागि अनुमति दिने निर्णय गरियो।

४. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आज मितिमा प्राप्त जिन्सी तथा रकम विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो ।

| क्र.स. | सहयोग पुर्याउनुहुने संस्था/व्यक्तीको नाम | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिमालयन सामुदायिक विकास मञ्च | ० | ४८२ वटा हात धुने सावुन | १८ प्याकेज | न.पा.को मापदण्ड अनुसार राहत प्याकेज |